# भद्रपुर नगरपालिका कार्यालय

भद्रपुर, झापा

## पदपूर्तिका लागि खुला पदको प्रतियोगितात्मक लिखित परिक्षाको बिज्ञापन

प्रथम पटक प्रकाशित मिति २०७२/१/२२

**निम्न पद तथा तहको देहाय बमोजीमको पदसँख्याका लागि खुला प्रतियोगितात्मक लिखित परीक्षाद्धारा पूर्ति गर्न निम्न बमोजिम योग्यता पुगेका उम्मेद्धवारहरुबाट कार्यालयद्धारा स्वीकृत फारम भरी दरखास्त आब्हान गरिन्छ।**

| बिज्ञापन न. | बिज्ञापनको किसिम | माग र पदको बिवरण | | | |
|---|---|---|---|---|---|
| | | सि.न. | पद | तह | माग पद सख्या |
| १/२०७१/०७२ | खुला | १ | सव इन्जिनियर ( सिभिल ) | सहायक स्तर पाँचौ | १ (एक) |

लिखित परिक्षा कार्यक्रम निम्न अनुसार सञ्चालन हुनेछ।

| पद तह | पत्र | बिषय | परिक्षा मिति | समय |
|---|---|---|---|---|
| सव इन्जिनियर (सहायक स्तर पाँचौ ) | प्रथम | सेवा सम्बन्धि | २०७२/३/१५ | बिहान ८.०० |

परिक्षाको किसिम :- लिखित र अन्तवार्ता

परिक्षा केन्द्र :- वीरेज्द्र नमूना क्याम्पस,भद्रपुर-१५ ( संयूक्त वार्ड कार्यालय चन्द्रगढी अगाडि ) झापा।

परिक्षा दस्तुर :-रु ४००/- (चार सय) मात्र।

दरखास्त दिने स्थान :- भद्रपुर न.पा. कार्यालय भद्रपुर, झापा

दरखास्त दिने अन्तिम मिति :- २०७२/०१/२३ गते देखी २०७२/०२/२१ गते सम्म दरखास्त दिने अन्तिम दिन बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको दिन तथा दोब्बर दस्तुर तिरी २०७२/०२/२८ गते सम्म।

अर्न्तवार्ता हुने मिति :- लिखित परिक्षाको नतिजा प्रकाशित हुदाँ उल्लेख गरिनेछ।

पदमा रहि गर्नु पर्ने कामको बिवरण :- पद तथा सेवा सम्बन्धी।

तलव :- नगरपालिकाको निर्णय बमोजिम।

**बिशेष सूचना**

१) उम्मेद्धवारले उल्लेखित पदका लागि आवश्यक पर्ने न्युनतम शैक्षिक योग्यता प्रमाणित हुने सबै प्रमाण पत्रहरुको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्ने छ।

२) सबै चरणको परीक्षा पश्चात हुन आएको योग्यताक्रम (Merit order) अनुसार नियुक्तिका लागी सिफारिश गरिने छ।

३) **आवश्यक न्युनतम शैक्षिक योग्यता** :-मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।

**द्रष्टब्य :-**

क) परिक्षा भवनमा प्रबेश पत्र बितरण नगरिने भएको हुदा अनिवार्य रुपमा परीक्षा सञ्चालन हुने दिन अगावै प्रबेश पत्र लिई सक्नु पर्ने छ।

ख) दरखास्त साथ शैक्षिक योग्यताको प्रमाण पत्रहरु (क) लब्धांक (ख) उमेर खुलेको चारित्रिक प्रमाणपत्रका प्रतिलिपि तथा अन्य आवश्यक प्रमाणपत्रहरु उम्मेद्धवार स्वयमले सक्कल बमोजिम नक्कल ठीक छ भनी दस्तखत गर्नु पर्नेछ।

ग) दरखास्त दिने अन्तिम मितिसम्ममा १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको हुनु पर्ने छ ,तर महिलाको हकमा ४० र प्राबिधिक पदमा ४५ वर्ष ननाघेको हुनु पर्ने छ।

घ) दोब्वर दस्तुरको म्यादलाई उमेर र शैक्षिक योग्यता प्रयोजनका लागि गणना गरिने छैन।

ङ.) स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २१४ बमोजिम अयोग्य नभएको हुनुपर्ने छ।

च ) कार्यालयले तोकेको म्याद भित्र दाखिला नभएको वा न्युनतम योग्यता नपुगेको वा अन्य बिवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।

छ) दरखास्त फारमको नमुना कार्यालयको www.bhadrapurmun.gov.np वा www.psc.gov.np बाट डाउन लोड गरी प्राप्त गर्न सकिने छ। हातले उतार गरी लेखेको दरखास्त लाई मान्यता दिईने छैन।

ज) लिखित परिक्षा उत्तीर्ण हुने उम्मेद्धवारले अर्न्तवार्ता दिनु भन्दा अगावै शैक्षिक योग्यताको स्थायी /अस्थायी सक्कल प्रमाणपत्रसहित प्रमाणपत्रको प्रतिलिपि अनिवार्यरुपमा पेश गर्नु पर्ने छ।

ज) पाठ्यक्रम कार्यालयको www.bhadrapurmun.gov.np वा www.psc.gov.np बाट प्राप्त गर्न सकिने छ

पदपूर्ति समिति

भद्रपुर नगरपालिका कार्यालय, झापा